# सम विकास केन्द्र (EDC) नेपालको

## सामाजिक परीक्षण प्रतिवेदन, २०८२




**२०८२ कार्तिक २८ गते**

स्थान :- दिपायल सिलगढी नगरपालिका डोटीको सभाहल

**प्रतिवेदन तयार र पेश गर्नेः**
नवराज जोशी
पत्रकार एवं अधिवक्ता

**प्रतिवेदन प्राप्त गर्ने :**
सम विकास केन्द्र (ईडीसी) नेपाल
डोटी सिलगढी

**१ पृष्ठभुमि :** हरेक सार्वजनिक संघ संस्थाहरुले आर्थिक बर्ष समाप्त भएको पहिलो चौमासीक भित्र सामाजिक परिक्षण गर्नु पर्ने नितिगत व्यवस्था रहेको छ । सम विकास केन्द्र (EDC) नेपाल,डोटी द्वारा आर्थिक बर्ष २०८१/२०८२ मा तय गरिएको संस्थागत बार्षिक योजना तथा साझेदार संस्थाहरुको सहयोगमा संचालन भएको गतिविधिले संस्थागत विकास र सामुदायिक विकासमा पुऱ्याएको योगदानको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुको समिक्षा गरि आर्थिक बर्षमा रहेको सिकाई, अवसर तथा चुनौतीहरुको व्यवस्थित रुपमा व्यवस्थापन गरि आगामी बर्षको लागी मार्ग निर्देशन तय गर्नका साथै भएको उपलब्धि तथा नतिजाहरुको सरोकारवाला निकाय, अधिकारवाला समुदाय र संस्थाका सदस्य तथा कर्मचारीहरुको सहभागीतामा साझा सहमती र साझा बुझाई कायम गरि संस्था लाई भावी योजना तर्जुमा तथा नीतिगत रणनिति निर्माणमा सहयोग गर्न विगत वर्षहरु झैं यस वर्षपनि संस्थाले मिति २०८२ कार्तिक २८ गतेका दिन दिपायल सिलगढी नगरपालिकाको हलमा आ.व. २०८१/८२ को बार्षिक सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरि यो प्रतिवेदन तयार गरिएको हो ।

**क) बिषय प्रवेश :**

सामाजिक परीक्षणको अवधारणा वेलायत लगायत केही युरोपीयन मुलुकहरुमा सन १९७० को दशकमा उद्योग, व्यापार र रोजगारीको क्षेत्रमा भएको पाईन्छ । त्यतिवेला देखिनै सामाजिक परीक्षणलाई आर्थिक क्षेत्रमा भन्दा पनि सामाजिक क्षेत्रमा केन्द्रित गरिएको पाईन्छ । नेपालमा सरकारले गरेको कामहरु पारदर्शी हुनु पर्ने, जनताले सरकारका हरेक गतिबिधिको सूचना पाउनु पर्ने र सरकार जनताप्रति जवाफदेही हुनु पर्ने माग २०५० सालमा उठेको हो । प्रतिपक्ष दलहरुवाट संसदमै पारदर्शीता, जवाफदेहीता र सुशासनको बिषयमा आवाज उठेपछि तत्कालीन सरकारले सरकारका हरेक क्रियाकलापहरु पारदर्शी हुने र सरकार जनताप्रति अवाफदेही हुने प्रतिवद्धता व्यक्त गरेको थियो । द्वन्द्व कालमा उक्त प्रतिवद्धता पुरा हुन सकेन । नेपालमा कार्यरत अन्तराष्ट्रिय गैससहरुले उक्त बिषयलाई उठान गर्दै आए । त्यसपछि सरकारले सार्वजनिक निकायहरुमा सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्न सुरु गऱ्यो ।

अहिले सवै सार्वजनिक निकायहरुमा वर्षमा एक पटक सामाजिक परीक्षण अनियवार्य रुपमा गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ । आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०१ मा बमोजिम एक आ.व.मा सम्पादन गरेका वार्षिक कायक्रमहरू सो आ.व. समाप्त भएको ४ महिनाभित्र सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ । सम विकास केन्द्र नेपालले पनि सामाजिक लेखापरिक्षण कार्यविधि जारी गरी आफ्नो लक्षीत वर्ग तथा सरोकारवाला निकायहरु संग जवाफदेही हुने कार्य गरी रहेको छ ।

**ख) सामाजिक परीक्षणका लागि अवलम्वन गरिएका कानूनी प्रक्रिया :**

- सम विकास केन्द्र नेपालको सामाजिक लेखापरिक्षण कार्यविधि
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक प्रशासन नियमावली २०६४
- नेपालको संविधान

**ग) सामाजिक परीक्षणको उद्देश्य :**

- नीतिगत व्यवस्था र कार्यान्वयनबीचको ग्याप पत्ता लगाई सुधारको प्रयास गर्ने ।
- सामाजिक जवाफदेहिताको मूल्याङ्कन गर्ने ।
- समग्र कार्य सम्पादनमा सुधारका लागि सुधार ल्याउने ।

- सेवाको गुणस्तर थाहा पाउन
- परियोजनालाई उत्तरदायी र जवाफदेही बनाउन
- लक्षित वर्गको उत्थानमा गरेको लगानी तथा त्यसको प्रभावको लेखाजोखा गर्न
- विगतमा भएका कामको समिक्षा र आगामी योजना बनाउन

**घ) सामाजिक परीक्षणका आधारहरु**

- सम विकास केन्द्र नेपाल स्थानिय तह संगको समुन्वयको अवस्था
- बित्तीय व्यवस्थापन
- सामाजिक विकासमा संस्था द्धारा संचालित परियोजनाले खेलेको भूमिका
- संस्थाको संस्थागत विकास र सामाजिक योगदान ।
- लैंगिक विभेद, जातिय छुवाछुत तथा भेदभाव अन्त्य गर्न संस्थाले खेलेको भुमिका ।

**ङ) सामाजिक परीक्षणका क्रममा अवलम्वन गरिएको प्रक्रिया**

- लक्षित समुदायसंग अन्तरवार्ता
- संस्थाको रिपोटहरुको अध्यायन
- लाभान्वित व्यक्तिसंग अन्तरवार्ता
- सूचना संकलन
- सरोकारवाला निकायहरुसंग भेटघाट, सम्पर्क समन्वय
- परियोजनाका कर्मचारीहरुसंग छलफल
- प्राप्त सूचनाहरुको आधारमा सामाजिक परीक्षण प्रतिवेदन तयार ।

**च) आन्तरिक सुशासन व्यवस्थापन**

- समुदाय स्तरमा पनि समाजिक परिक्षण गर्ने अभ्यास गरेको ।
- अभिलेखकीकरण दुरुस्त रहेको ।
- समाजिक परिक्षण कार्यविधि बनाई कार्यान्वयमा रहेको ।
- परियोजनाका बार्षिक कार्यक्रम तथा बजेट पालिकामा पेश गर्ने गरेको ।
- विभिन्न समयमा पालिका तथा समुदाय स्तरमा संयूक्त अनुगमन, समीक्षा बैठकहरु संचालन गर्ने गरेको ।

**छ) सामाजिक परीक्षण गर्दा लागेको दिन :४**

| **क्रियाकलाप** | **दिन** |
|---|---|
| लक्षत समुदायसंगको छलफल तथा स्थानिय तहका पदाधिकारी तथा कर्मचारीसंग छलफल | १ दिन |
| संस्थाका पदाधिकारी तथा कर्मचारीसंगको छलफल | १ दिन |
| कार्यशाला गोष्ठीमा प्रस्तुतीकरण | १ दिन |
| प्रतिवेदन तयारी | १ दिन |

**ज) सामाजिक परीक्षण कार्यशालामा सहभागि संख्या : ६१ जना**

**झ) संस्थाको भौगोलिक कार्यक्षेत्र** : दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका, के.आई सिह गाउँपालिका, जोरायल गाउपालिका, पुर्वीचौकी गाउँपालिका, सायल गाउँपालिका, आर्दश गाउँपालिका, बडीकेदार गाउँपालिका, र बोगटान फुड्शिल गाउँपालिका

**ञ) हाल कार्यक्रम संचालन भैरहेका क्षेत्र:** दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका, के.आई सिह गाउँपालिका, जोरायल गाउपालिका, पुर्वीचौकी गाउँपालिका, सायल गाउँपालिका ।

## २. कार्यशालाको औपचारिक कार्यक्रम

| | |
|---|---|
| उद्घोषक | नरेन्द्र विक (कार्यक्रम संयोजक) सम विकास केन्द्र डोटी |
| सभाध्यक्षता | केशब परियार (अध्यक्ष) सम विकास केन्द्र डोटी |
| प्रमुख अतिथि | बाजि सिह खड्का (नगरप्रमुख ) दिपायल सिलगढी नगरपालिका |
| अतिथि तथा सअभागीहरु | उप संयोजक जिल्ला समुन्वय समिति डोटी,<br>प्रतिनिधि जिल्ला प्रहरी कार्यालय डोटी,<br>स्थानिय तह, स्थानिय स्तरमा रहेका सरोकारवाला, संचारकर्मी, अधिकारवाला समुदाय, कार्यसमिति पदाधिकारी सदस्य, संस्थापक, साधारण सदस्य लगायत सम्पुर्ण कर्मचारीहरु । |
| बार्षिक सामाजिक परिक्षण कार्यक्रमको उद्घघाट्न | सामाजिक परिक्षण कार्यक्रमका प्रमुख अतिथी द्वारा पानसमा दियो वालेर सामाजिक परिक्षण कार्यक्रमको उद्घघाट्न गरिएको थियो । |
| स्वागत तथा कार्यक्रमको उद्देश्यमाथी प्रकाश | संस्थाका महासचिव बबि कुमार वि.सी. |
| सहजीकरण | नवराज जोशी |
| बार्षिक प्रगती प्रतिवेदन तथा आय व्ययको प्रस्तुती | महेश त्रिखत्री (कार्यकारी निर्देशक) सम विकास केन्द्र नेपाल |
| छलफल/प्रश्नोत्तर/सुझाव संकलन | सहजकर्ताद्वारा सहभागिहरुसंग<br>जवाफकर्ताहरुः अध्यक्ष, उपाध्यक्ष, सचिव, कार्यकारी निर्देशक |
| मन्तव्य सहित समापन | सभाध्यक्ष |

## ३) सामाजिक परीक्षणको सिमा

- श्रोत र समयाभावका कारण यस अध्ययनलाई परियोजनााको कार्यक्षेत्रको सवै भू-भागमा पुऱ्याउन सकिएको छैन ।
- यस अध्ययनमा एक समूहसंग मात्रै (के.आई सिह गाउँपालिकाको महिला समुह ) छलफललाई सिमित गरिएको छ ।
- अध्ययनकर्ताले उद्देश्यमूलक नमुना छनौट बिधिको प्रयोग गरि लाभान्वित व्यक्तिहरु, सरोकारवाला निकायहरुसंग छोटो छलफल गरेका छन् ।
- यो अध्ययन परियोजनाको आर्थिक बर्ष २०८१/०८२ का गतिविधिहरुसंग मात्रै सिमित छ ।
- यस अध्यायनमा सम विकास केन्द्र नेपालका परियोजना बाहेकका अन्य गतिविधिहरु समेटीएका छैनन् ।

## ४) संस्थाले संचालन गरेका गतिविधिहरु तथा उपलब्धिहरु

### क) संस्थागत विकास

- संस्थाको आर्थिक नीति, मानव संशाधन नीति, २०५८ र खरिद कार्यविधि संशोधन गरि २०८२ श्रावण १ गते देखी लागु गरिएको छ । संस्थाका प्रायः सबै नीतिहरू अंग्रेजीमा बनाउन साझेदार संस्थासंग समन्वय अगाढी बढीरहेको ।
- कर्मचारीको आचार संहिता संशोधन सहित २०८२ श्रावण १ गते देखी लागु गरिएको ।
- कार्यसमितीको कार्यलाइ सहज र जिम्मेवारी बनाउन विभिन्न उपसिमतीहरू (जस्तै, कार्यक्रम ब्यबस्थापन समिती, लेखा समिती, पदपुर्ति समिती, खरिद समिती, अनुगमन समिती आदी) गठन गरिनुको साथै पालिका इन्चार्ज तोकिएको ।
- स्थानिय सरकार र सरकारका निकायहरूसंग समन्वय गरी विभन्न दिवस तथा कार्यक्रमहरू सम्पन्न गरिएको । जस्तै, महिला दिवश, २१ मार्च, मुक्त हलिया दिवश, वालदिवश, आदी ।
- आर्थिक वर्ष २०८१/८२ को दर्ता नविकरण, करचुक्ता, आन्तरिक ले.प., श्रम अडिट र वार्षिक अडिट सम्पन्न भएको ।
- संस्थाको आन्तरिक खर्चमा मितब्ययीता ।
- एक्शनएडको सहयोगमा संस्थाले भवन पछाढीको ग्याविङ्ग जाली सहितको पर्खाल निर्माण गरेको ।
- मोफा जापान र गुडनेवर्सको साझेदारीमा दिपायल सिलगढी नगरपालिकाका चारवटा विधालयहरूमा मार्च, २०२५ देखि पोषण, खानेपानी, स्वच्छता र सरसफाइ परियोजना संचालनमा आएको छ भने, एक्शनएड नेपालको साझेदारीमा जोरायल गाउँपालिकामा जुलाइ, २०२५ देखि LRP–४६ संचालन गरिएकोछ ।
- जोरायल गाउँपालिकामा सम विकास केन्द्रको सम्पर्क कार्यालय स्थापना भएकोछ ।
- संस्थाको वयवसाइट नियिमत अपडेट हुने गरेको छ भने फेसबुक पेज, म्यासेन्जर, भाइवर, ह्वाट्सएपको क्रियाशिलताले प्रभावकारी सूचना संचारमा सहयोग पुगेको छ ।
- संस्थाले लागु गरेको साप्ताहिक प्रतिवेदनको अभ्यास नियमित छ ।
- संस्था र संस्थाद्वारा संचालित कार्यक्रम तथा परियोजनाको आर्थिक कारोवारोमा जवाफदेहिता र पारदर्शिता बढेको ।
- सामाजिक सुरक्षा एकाइ संचालनका लागि जिल्ला अस्पताल संग आ.व. २०८२/८३ को लागि सम्झौता पुनरावलोकन भएको छ ।

### ख) मानव अधिकारः

१) महिलाको आर्थिक अधिकार, सम्मानजनक कामको अधिकार (Decent Work), र लैङ्गिक समानता सुनिश्चितामा मद्दत पुगेको छ ।

- स्थानिय तहको श्रम अनुगमन प्रणालीमा सुधारः दिपायल सिलगढी नगरपालिकामा ५ सदस्यीय श्रम अनुगमन समिती गठन जसमा श्रमिकहरुको पनि सहभागिता रहेको छ ।
- अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरूको ज्यालामा बृद्धि भएको छ । यस वर्ष १० जना श्रमिक महिलाहरूको तलब बृद्दि, २८ जना श्रमिक महिलाको श्रमिक बीमा, ४४ जना ठगिएका श्रमिकको ज्याला असुली ।

२) मानव अधिकारको संरक्षण, महिला सशक्तिकरण, जातीय समानता, र सामाजिक न्यायको सुनिश्चितामा योगदान

- २५ घरपरिवारका महिलाहरूले छाउ हुँदा सुरक्षित स्थानमा बस्ने र पोषिलो खाना खाने, जातीय छुवाछुतको अवस्था न्यूनिकरण हुदै गएको भएतापनि गाउँघरमा यथावत ।
- के.आई. सिंह गाउँपालिकाको दलित बस्तीका ३५ घरधुरीमा सिनो खाने प्रथाको अन्त्य
- ५ जना महिलाले विवाह भएको ९ देखि १० वर्ष पश्चात विवाह दर्ता गरि नागरिकता बनाइ सरकारी सेवा प्राप्त गर्न सफल
- ५ जना बालबालिकाको जन्म दर्ता, ३ जना बालबालिकाले पोषण भत्ता पाउन थालेका ।

**ग) महिला सशक्तिकरण :**

महिलाको नेतृत्वमा वृद्धिः

- ४७५ जना महिलाहरू विभिन्न तहका संचरनाहरूमा (वडा तहका समितीहरू, वन, विब्यस, खानेपानी, समुह संजाल) प्रतिनिधित्व गरिरहेका छन जसमा ११४ जना महिलाहरूले समितीको नेतृत्व गरिरहेका छन ।
- १६० जना (दलित ४५) महिलाहरूले विभिन्न राजनीतिक दलमा आवद्दता प्राप्त गरेका छन भने, दि.सि. न.पा.का ११ जना महिलाहरू श्रमिक ट्रेड युनियनमा सदस्य बन्न पुगेका छन् ।
- १८ जना (१५ दलित र ३ अन्य) महिलाहरूले स्थानीय उपभोक्ता समिति र स्वास्थ्य व्यवस्थापन समितिको नेतृत्व गर्दै आएका छन् ।

**सामुदायिक योजना र सहभागिता :**

- समुहका महिलाहरू द्वारा स्थानिय सरकार समक्ष ६९ वटा महिला मैत्री सामुदायिक कार्ययोजनाहरू पेश गरेका थिए जसमा २६ वटा सामुदायिक कार्ययोजनाहरू पास भइ महिलाहरुको नेतृत्वमै उक्त योजनाहरु कार्यान्वयन भएका छन ।

**आर्थिक सशक्तिकरणः**

- दिसिनपा., शिखर, केआइसिंह र सायल गा.पा.मा ८६ जनाले टोकन सहयोग, ६३४ जनाले घुम्तीकोष र १०९ जनाले उपहार कार्यक्रम मार्फत विभिन्न सानाखाले ब्यबशायहरू (तरकारी, कुखुरा, बाखा, वंगुर, सिलाइ कटाइ, किराना पसल, आरन) संचालन गरि जिविकोपार्जनलाइ सहज बनाउन सफल भएका छन ।

**महिलाको न्यायमा पहुँचः**

- गत वर्ष कार्यक्षेत्रमा ८ वटा घरेलु हिंसाका घटना दर्ता भएका छन्, जसले अझै पनि लैङ्गिक हिंसा विद्यमान ।
- लैङ्गिक हिंसा प्रभावितको न्याय प्राप्ति र आवश्यक कानुनी उपचारमा सहयोग पुर्याउन इडीसी नेपालले दि.सि.न.पा.को लैंगिक हिंसा निवारण कोषमा रू. ५० हजार सहयोग उपलब्ध गराएको छ ।

**घ) गुणस्तरीय शिक्षा (Quality Education)**

- यसवर्ष विद्यालय छोडेका ११ जना बालिकाहरू १-२ वर्ष पश्चात पुनः विद्यालय भर्ना भएका छन् ।
- उमेर पुगि विद्यालय छोडेका २८ जना बालबालिकाहरू नियमित विद्यालय भर्ना भएर अध्ययन गर्न थालेका छन्
- ६ वटा विद्यालयको सिकाइ उपलब्धि औषतमा ५५ प्रतिशत पुगेको छ ।

- विद्यालयमा रहेका वालक्लबहरूले १६ वटा गुनासाहरू उठाइ उनिहरूका ११ वटा गुनासाहरू विध्यालयले समाधान गरेको छ ।
- सहभागिता र सचेतना कार्यक्रमः १० विद्यालयका १४४० विद्यार्थी (७४५ पुरुष, ६९५ महिला) हरू जलवायु परिवर्तन, अनुकूलन र न्यूनीकरणका उपायहरूमा संलग्न ।
- वालक्लवको पहलमा ४ वटा विद्यालयले वृक्षारोपण, ४ वटा विद्यालयमा कुहिने र नकुहिने फोहरको अलग-अलग व्यवस्थापन र ५ वटा विद्यालयमा पलाष्टिक जन्य फोहर ब्यबस्थापन गरिएको छ ।
- १५० जना मुक्त हलियाका वालवालिकाहरूलाइ शैक्षिक सामग्री र छात्रवृत्ति वितरण पश्चात उनिहरूको विद्यालय नियमितताले विगतको भन्दा ३% ले सिकाइ उपलब्धिमा वृद्धि देखिएको छ ।
- यस वर्ष इडीसीको सहयोगमा मुक्त हलियाका ३ जना केटाकेटिहरू प्राविधिक शिक्षा अध्ययन गरिरहेका छन ।

### ङ) गरिबी न्यूनिकरण (Poverty Reduction)

- ८६ घरधुरीका महिलाहरू बंगुरपालन, कुखुरा पालन, तरकारि खेती, खुद्रा पसल, र सिलाई-कटाइ व्यवसायमा संलग्न रहेका छन ।
- ६३४ जना महिलाहरू नियमित रूपमा घुम्तीकोष परिचालन गरि आय आर्जनका कार्यहरूमा संलग्न भइ जीविकोपार्जन गर्दै आएका छन् भने, १०९ घरधुरीहरू बाखापालनमा संलग्न रहेका छन ।
- आम्दानीबाट घर खर्च, बैंक जम्मा, व्यक्तिगत आवश्यक सामग्री खरिद, बालबालिकाको स्टेशनरी खरिद, र तराईमा जग्गा खरिद गर्ने जस्ता कार्य गर्दै आएका छन भने, छोरा छोरीहरूलाइ उच्च शिक्षा अध्ययन गराइरहेका छन ।
- दलित, सिमान्तकृत तथा मुक्त हलियाका महिलाहरू स्वरोजगारका माध्यमबाट आत्मनिर्भर तर्फ उन्मुख ।, सामाजिक हैसियत, आर्थिक पहुँच र गरिबी निवारणमा सकारात्मक योगदान पुगेको ।, समुदायमा महिलाहरूको आर्थिक हैसियतमा सकारात्मक परिवर्तन, आर्थिक कारोवारोमा महिलाहरूको पहुँच बढेको, महिला माथि हुने घराँयसी हिंसाहरूमा कमि ।

### च) सुशासन

- कार्यक्षेत्रका विद्यालयहरूमा गुनासो सुनुवाई संयन्त्र निर्माण र सञ्चालन ।, वालबालिका र अभिभावकको विद्यालयप्रति चाँसो र सहभागिता वृद्धि । विद्यालय अनुगमन प्रक्रियामा सुधार र निरन्तरता, पालिका स्तरिय शिक्षा सरोकार मञ्चको गठन ।
- महिला समूहको योजना र सहभागिताः स्थानिय सरकार समक्ष ६९ वटा महिलामैत्री योजनाहरू पेश, २६ वटा योजना स्वीकृत गर्न सफल भएका छन । विभिन्न बस्ती तथा वडाहरूमा समुहका महिलाहरूले ५ लाख देखि १० लाख सम्मको योजनाहरूको नेतृत्व गर्न थालेका छन ।
- नीति र अभ्यासः लैंगिक हिंसा निवारण कोष स्थापना, कार्यविधि निर्माण, अर्ग्यानिक तरकारी खेती कार्यविधि कार्यान्वयनमा पालिकालाइ सहयोग ।, सुशासन प्रवर्द्धनका अभ्यास र नीति कार्यान्वयनमा समुदायको आवश्यकतासँग मेल खाने निर्णय सुनिश्चित ।, दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र सायल गाउँपालिकाले छुट मुक्त हलियाको तथ्यांक

संकलन गरेको छ, भने दिपायल सिलगढी नगरपालिका, र सायल गाउँपालिकाले मुक्त हलियाको पुर्नस्थापना कार्यविधि पास गरि कार्यान्वयनमा ल्याएको छ ।

**छ) विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन**

- कार्यक्षेत्रमा जलवायु अनुकूलन, जोखिम पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनामा सामुदायिक सहभागिता सुनिश्चितका प्रयासहरू गरिएका छन । युवा, महिला र मुक्त हलिया समुदाय सक्रिय भई सामुदायिक जलवायु न्याय, फोहर व्यवस्थापन, वृक्षारोपण, जलस्रोत संरक्षण र विपद जोखिम न्यूनीकरणका अभ्यासहरूमा संलग्न भएको देखीयो ।

**४) समाजिक परिक्षण कार्यशाला तथा समुदायबाट प्राप्त सुझाव**

- परियोजनाका गातिविधिहरु अधिकारमुखी धेरे भए कर्तव्यमुखी पनि बनाउनु पर्ने ।
- श्रमिकहरुलाई विमा शिक्षा दिनुपर्ने ।
- स्थानिय तह संग समुन्वय गरी मुक्तहलियाहरुको तथ्याङ्क प्रमाणिकरण गर्नुपर्ने ।
- विद्यालय नजाने वालवालिकालाई शैक्षिक सामाग्री तथा विध्यालय पोसाक सहयोग भई निरन्तर विद्यालय जाने वातावरणमा सहयोग पुगेकोले यस प्रकारको सहयोगलाई निरन्तरता दिनु पर्ने ।
- श्रमीक महिलाहरुको स्थानिय पालिकामा पञ्जिकरण गराउने कार्यमा सहयोग गरिनुपर्ने ।
- समुदायमा हुने हानिकारक अभ्यासलाई अन्त्य गर्ने खालका अभियानहरुलाइ निरन्तरता दिनुपर्ने ।
- कार्यक्षेत्र विस्तार गर्नुपर्ने ।

**५) गतबर्षको समाजिक परिक्षणबाट प्राप्त सुझावहरु कार्यान्वयनको अवस्था :** गत आर्थिक बर्षको सामाजिक परिक्षणबाट प्राप्त सुझावहरु संस्थाको क्षमता अनुसार कार्यन्वयमा आएको संस्थाका कार्यकारी निर्देशक महेश त्रिखत्रीले बताउनुभयो ।

**६) प्रमुख अतिथि तथा अतिथिको संछिप्त धारणा :**

- अब विभेदलाई किनारा लगाउने गरि कार्यक्रम संचालन गर्नुपर्ने तथापि जातीय छुवाछुत, लैंगिक विभेद लगायत सामाजिक न्यायका सवालमा सम विकास केन्द्र (ईडिसी) नेपाल डोटी जिल्लाको अग्रणी भुमिका खेलिरहेको संस्थाको रुपमा परिचित छ र अझै सशक्त रुपमा अगाढी बढनुपर्ने आवश्यक्ता रहेको धारणा व्यक्त गर्नु भएको थियो । ग्रामिण क्षेत्रका दलित, महिलाको क्षेत्रमा थप विकासका कार्यक्रमहरु विस्तार गरि सहयोग गर्नु पर्ने ।

***कुमार सिंह टेलर नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ शाखा डोटी***

- संस्थाले गरेका कार्यहरु अति नै प्रशंसनिय छन । यस्ता कार्यहरु निरन्तरता दिनु पर्ने तथा संस्था गतिविधिहरुलाई अनुगमन पनि गर्नुपर्ने देखीन्छ ।

*प्रकाश बम -अध्यक्ष) पत्रकार महासंघ डोटी*

- आज भन्दा २८ बर्ष पहिला स्थापना भएको संस्थाले दलित समुदायको क्षेत्रमा महत्वपुर्ण कार्य गदै आएको छ । समाज परिर्वतनको लागि यसले ठूलो भुमिका खेलेको देखीन्छ । अझै स्थानिय तह सगको समुन्वय र सहकार्यमा गतिविधिहरुलाई तिब्रता दिनु पर्ने देखीन्छ ।

*स्मृति चुनारा -उप संयोजक) जिल्ला समुन्वय समिति डोटी*


- महिला, दलित समुदाय, बालबालिका र समाजमा पछाडी पारीएका बर्गको मुल प्रवाहीकरणका लागि सहकार्य गर्नु अपरिर्हाय रहेको छ । यस कार्यमा ईडीसी नेपालले महत्वपुर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ । यस संस्थाको कार्यले समाजमा पारेको सकारात्मक प्रभावका वारेमा सहभागिहरुले नै प्रष्ट पारिसक्नु भएको छ । तथापी सहकार्यमा अझै धेरै काम गर्नु वाँकी नै छ । दिपायल सिलगढी नगरपालिकाबाट गर्नुपर्ने सहयोग सधै रहि रहनेछ । यसकालागि हामीले सकरात्मक हुन जरुरी छ, अनियमितता लाई निरुसाहित गरेर शुसाशनको माध्यामबाट समाज विकासमा लाग्नु पर्ने आजको आवश्यकता रहेको छ ।

*बाजि सिह खड्का -नगर प्रमुख ) दिपायल सिलगढी नगरपालिका डोटी*

**अन्तमा :**

सम विकास केन्द्र नेपाल डोटी जिल्लाको अग्रणी समाजिक संस्था हो । यसले जातिय छुवाछुत तथा समाजिक विभेदको अन्त्य गर्न, न्यायमा आधारीत समता मुलक समाज निमार्ण गर्न पछाडी परेका वर्ग समुदायको मुल प्रवाहीकरण गर्न लामो समय देखी विभिन्न परियोजना, क्रियाकलाप तथा अभियान संचालन गर्दै आइ रहेको छ । संस्थाले संचालन गरेका विभिन्न परियोजना तथा क्रियाकलापहरु हेर्दा समगम्र राम्रो देखियो । केही स-साना कमीकमजोरीहरु रहेका छन्, ति कमीकमजोरीहरुलाई सुधार गर्दै आगामी दिनहरुका संस्थाका परियोजनालाई जनमुखि बनाउन सकीने यथेष्ट आधारहरु रहेका छन् । संस्थाले सञ्चालन गरेको क्रियाकलापहरुबाट अधिकारवाला वर्गलाई लाभ पुगेको देखिएको छ । उनिहरुले यस कार्यक्रममा संस्थाले महिला, दलित, वालवालिका, हिंसा पिडितहरुको अधिकारको पक्षमा रहेर सामुदायिक सशक्तिकरण एवं सामुदायिक विकासका कार्यक्रमहरुले आफनो आर्थिक सामाजिक र राजनैतिक हैसियतमा परिवर्तन आएको र सरकारको स्रोत साधनमा समेत उनिहरुको पहुँच बृद्धि भएको बताउदै आगामी दिनमा ईडीसले सहयोग गर्ने अपेक्षा प्रकट गरका थिए । सहभागिहरुको भनाई र प्रतिक्रियाले पनि ईडीसी नेपालले स्थानिय सरकारको समन्वयमा दुरदराजमा रहेका वा पाखा पारिएका समुदायको हक अधिकार र उनिहरुको सामाजिक न्याय, मानव अधिकारका पक्षमा सकारात्मक प्रभाव पारेको देखियो ।

मलाई बिधिवत् रुपमा सामाजिक परीक्षण गर्ने अवसर दिनु भएकोमा संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै सामाजिक परीक्षणका क्रममा सहयोग गर्नु हुने संस्थाका अध्यक्ष केशव परियार ,कार्यकारी निर्देशक महेश त्रिखत्री, कार्यक्रम संयोजक नरेन्द्र विक लगायत संस्थाका पदाधिकारी तथा कर्मचारीहरु, स्थानिय तहका पदाधिकारी तथा कर्मचारी, साझेदार निकायका प्रतिनिधिहरु, सरोकारवाला निकायका व्यक्तिहरु र अधिकारवाला वर्गहरुलाई समेत धन्यवाद दिन चाहान्छु । संस्थाको थप प्रगतिको कामना सहित धन्यवाद ।



.................

नवराज जोशी

सामाजिक परीक्षक


सम विकास केन्द्र (EDC) नेपालको
वार्षिक सामाजिक परिक्षण कार्यक्रम

सम विकास केन्द्र (EDC) नेपालको
वार्षिक सामाजिक परिक्षण कार्यक्रम




End